620

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २७१/२०७१/०७२

निर्णय नं.३२

बझाङ्ग जिल्ला रायल गा.वि.स. वाड नं. २ चौडाम घर भई हाल काठमाडौं जिल्ला कीर्तिपुर नगरपालिका वडा नं. १३ बस्ने वर्ष ३५ को रतन भण्डारी ......१ — पुनरावेदक

विरुद्ध

काठमाडौं जिल्ला महानगरपालिका वडा नं. १० विजुलीवजारस्थित नेपाल सरकार,ऊर्जा मन्त्रालय, विद्युत विकास विभाग, पञ्चेश्वर बहुउद्देश्य आयोजनाका आयोजना प्रमुख ........................................................................१ — विपक्षी

विषयः पञ्चेश्वर विकास प्राधिकरणको विधान उपलब्ध गराउनू ।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० बमोजिम यस आयोगमा दायर भएको प्रस्तुत पुनरावेदनको तथ्य तथा यस आयोगको ठहर/निर्णय यस प्रकार छ ।

१. निवेदक रतन भण्डारीले पञ्चेश्वर विकास प्राधिकरणको विधान र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन प्रतिवेदनको प्रमाणित प्रतिलिपि पाउन पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका सूचना अधिकारीसँग मिति २०७१/०९/२८ मा सूचना माग गरेको ।

२. पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाबाट सो सूचना उपलब्ध गराउने सम्बन्धमा पञ्चेश्वर विकास प्राधिकरणको विधान दुई देश बीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने कुरा उक्त विधानमा नै उल्लेख भएकोले प्रतिलिपि उपलब्ध गराउन नसकिने र आयोजनाको बातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको प्रमाणित प्रतिलिपि दस्तुर दाखिला गरे पश्चात् उपलब्ध गराइने भन्ने जवाफ स्वयं आयोजना प्रमुखले मिति २०७१/१०/०४ मा निवेदकलाई दिईएको ।

१

३. पुनरावेदक रतन भण्डारीले म पुनरावेदक सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा १० तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम सूचना नदिएका कारण सो उपर चित्त नबुझेर यो पुनरावेदन लिई उपस्थित भएको छु भनी आयोगमा २०७१/१०/०६ मा पुनरावेदन दर्ता भएको।

४. पुनरावेदकले आफ्नो पुनरावेदनमा निम्न जिकिर लिएको देखिन्छ :

(क) सर्वप्रथम म पुनरावेदक नेपालको प्राकृतिक स्रोत र जलसम्पदाको उपयोग राष्ट्र र जनताको हितमा हुनुपर्दछ भन्ने मान्यता सहित विगत डेढदशकदेखि यस अभियानमा सक्रिय रहँदै आएको सचेत नेपाली नागरिक हुँ । यसै सन्दर्भमा मैले नेपाल तथा भारत सरकारबीच पछिल्लो पटक हस्ताक्षर भएको पञ्चेश्वर विकास प्राधिकरणको विधानका साथै पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको आधिकारिक प्रतिलिपि अध्ययन अनुसन्धानका लागि उपलब्ध गराइ पाउँ भनी मिति २०७१ पुस २८ गतेका दिन निवेदन गरेको थिए।

(ख) तर विपक्षी आयोजना प्रमुखले माग गरेको सूचना मध्ये वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन आवश्यक दस्तुर दाखिला गरी प्रतिलिपि उपलब्ध गराउने भने पनि पञ्चेश्वर विकास प्राधिकरणको विधानको प्रतिलिपि 'दुई देशबीचको सहमति विना' सार्वजनिक गर्न नमिल्ने भन्दै मलाई मिति २०७१/१०/०४ गते च.नं. १२२ को पत्रद्वारा जानकारी गराएकोले उक्त पत्र नै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ९ को विरुद्ध भएको हुँदा ऐ.९(१) को म्यादभित्र यो पुनरावेदन-पत्र लिइ सम्मानित आयोगमा उपस्थित भएको छु। मेरा तथ्य र जीकिर बमोजिम इन्साफ पाउँ।

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३,४ र ऐ. नियमावली, २०६५ बमोजिम पञ्चेश्वर विकास प्राधिकरणको विधान सार्वजनिक गर्न नमिल्ने भन्नु संविधान र ऐन प्रदत्त नेपाली नागरिकको मौलिक हकको ठांडो उल्लंघन हो । एउटा राज्यको जिम्मेवार निकायले दुई देशबीच भएको कुनै पनि कागजात उपलब्ध गराउन सकिँदैन भन्न मिल्दैन, कानुनले तोकिदिएको दायित्व निर्वाह गर्नु विपक्षीको कर्तव्य हो।

(घ) नेपाल-भारतबीच भएका जलस्रोत विकाससम्बन्धी सन्धि, सम्झौता तथा सहमति सम्बन्धी विगतमा सर्वोच्च अदालतमा परेको टनकपुर सम्झौतासम्बन्धी मुद्दामा अदालतको विशेष इजलाशबाट (बालकृष्ण न्यौपानेसमेत विरुद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत ने.का. प. २०५४ अङ्क २, नि.नं. ६३१३ पृष्ठ ७८-७९) भएको फैसलामा देशको प्राकृतिक स्रोत राष्ट्रिय सम्पदा भएको र यसको विकासका लागि कुनै अन्य देशसँग सन्धि वा सम्झौता गरेर वा कुनै सहमतिमा पुगेर श्री ५ को सरकारले कुनै अन्य दायित्व ग्रहण गर्न कबुल गर्छ भने त्यो दायित्व श्री ५ को सरकारको सम्बन्धित पदाधिकारी वा कुनै व्यक्ति विशेषको नभएर राष्ट्रिय दायित्व हुने र त्यसबाट पर्ने अनुकूल-प्रतिकूल असर र त्यसको लाभ वा हानी पूरै देशले बेहोर्नु पर्ने भएकोले राष्ट्रिय हक वा दायित्वको सिर्जना हुने यस्तो कुनै व्यवहारका सम्बन्धमा श्री ५ को सरकारसँग आवश्यक जानकारी माग्ने अधिकार

नागरिकसँग रहेको भनी प्रष्टरुपमा व्याख्या भएको छ । त्यसैगरी गर्न नहुने तथा सरकारबाट गरिने सबै काम कारवाहीहरु, जसबाट पूरै राष्ट्रलाई वा सर्वसाधारण जनताको कुनै वर्ग वा समुदायलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा असर पर्न सक्ने सार्वजनिक महत्वका विषयमा सरकारले अपनाएको नीति गरेका निर्णय र कामहरुको सम्बन्धमा जानकारी दिने सरकारको कर्तव्य भएको एवं त्यस्तो सूचना माग्ने र पाउने नागरिकको अधिकार हो भनी सर्वोच्च अदालतको मिति २०४९ कार्तिक १८ गतेको विशेष इजलाशले नेपाल-भारत संयुक्त आयोगको सहमति अभिलेखलाई गोप्य राख्नु पर्ने कुनै औचित्य छैन भन्ने ठहर गरी निवेदकले चाहेमा निजलाई सो अभिलेखको प्रतिलिपि दिन आदेश जारी गरेको छ । तर पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका हकमा नेपाल-भारतबीच हस्ताक्षर भएको पञ्चेश्वर प्राधिकरणको विधान दुई देशको सहमति विना सार्वजनिक गर्न नमिल्ने विपक्षीको भनाईबाट विपक्षीले संविधान, प्रचलित कानुन तथा सर्वोच्च अदालतका यस अघिका फैसलाद्वारा स्थापित मूल्य, मान्यता र नजीरहरुको समेत उल्लंघन गरेको हुँदा विपक्षीका नाममा तुरुन्त पुनरावेदकलाई निवेदनमा माग गरेबमोजिमको कागजातको पूर्ण एवं आधिकारिक प्रतिलिपि उपलब्ध गराउनु भन्ने आदेश गरी पाउँ ।

५. पुनरावेदकको पुनरावेदन आयोगमा प्राप्त भएपछि आयोगले पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाका आयोजना प्रमुखलाई मिति २०७१/१२/०८ मा बोलाई छलफल गरेको र उक्त आयोजनाका प्रमुखलाई मिति २०७१/१२/१७ को पत्रद्वारा निवेदकले माग गरेको सूचनाका सम्बन्धमा दुई देश बीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने भन्ने सम्बन्धमा उक्त सूचना किन दिन नमिल्ने सो को लिखित जवाफ ७ दिन भित्र आयोगमा पठाउन लेखी गएको ।

६. शारदा बराज, टनकपुर बराज तथा पञ्चेश्वर बहुउद्देश्यीय आयोजना लगायत महाकाली नदीको एकीकृत विकासका सम्बन्धमा नेपाल-भारत बीच २०५२/१०/२ (Feb. 12,1996) मा सन्धि सम्पन्न भएको थियो । सो सन्धिको धारा १० मा रहेको "Both the parties may form project specific joint entities for the development, execution and operation of new projects including pancheshwar Multipurpose project in the mahakali River for their mutual benefit ." भन्ने व्यवस्था बमोजिम August 03,2014 मा दुई देशका अधिकार प्राप्त अधिकारीहरुबाट पञ्चेश्वर विकास प्राधिकरण (Pancheshwar Development Authority, PDA) को Terms या Reference स्वीकृत भएको हो । यसरी स्वीकृत भई पञ्चेश्वर विकास प्राधिकरणको गठन भएको हो भने 22-23September,2014 मा Authority काठमाडौंमा सम्पन्न PDA को Governing Body को पहिलो बैठकबाट PDA को विधान स्वीकृत भएको हो । स्वीकृत विधानको धारा ६.५ मा Authority ले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमति विना तेस्रो पक्षलाई उपलब्ध नगराउने भनी व्यवस्था गरेको र पञ्चेश्वर विकास प्राधिकरण नेपाल-भारत दुई देशको द्वि-पक्षीय स्वतन्त्र स्वायत्त निकाय (Entity) हो । यस अर्थमा धारा ६.५ को प्रावधान कार्यान्वयनमा आईसकेको अवस्थामा PDA को विधान स्वत: उक्त निकायको स्वामित्व भित्र परिसकेको हुँदा यस सम्बन्धमा कुनै एउटा देशको मात्र कानुनी व्यवस्था आकर्षित नहुने हुँदा अर्को देशको सहमति बेगर निवेदकको माग बमोजिमको कागजात उपलब्ध

गराउन नसकिने भन्ने समेत व्यहोराको विपक्षी पञ्चेश्वर बहुउद्देश्यीय आयोजनाको मिति २०७१/१२/३०, च.नं २०२ को पत्रद्वारा यस आयोगमा पेश गरेको लिखित जवाफ ।

आयोगको ठहर

अब निर्णयतर्फ विचार गर्दा उपरोक्त बमोजिम तथ्यहरु भएको प्रस्तुत विवादमा निम्न प्रश्नहरु निरुपण हुनुपर्ने देखिन्छ :

(क) पञ्चेश्वर विकास प्राधिकरणको विधान दूई देशबीचको सहमति विना सार्वजनिक गर्न नमिल्ने विपक्षीको जिकिर नेपालको अन्तरिम संविधान र प्रचलित कानुनी व्यवस्था अनुकूल वा प्रतिकुल के छ ?

(ख) दूई देश बीचको बैठकबाट स्वीकृत पञ्चेश्वर विकास प्राधिकरणको विधानको धारा ६.५ मा प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमति विना तेश्रो पक्षलाई उपलब्ध नगराउने भनी व्यवस्था गरेको भन्ने विपक्षीको भनाईले विधानको प्रतिलिपि पनि दिन नमिल्ने भन्ने बुझिन्छ वा बुझिन्न ?

(ग) नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ र सूचनाको हकसम्बन्धी ऐनको दफा ३ र ४ बमोजिम सूचना पाउनु पर्ने पुनरावेदकको दाबी उपयुक्त छ छैन ?

(घ) एउटा राज्यको जिम्मेवार निकायले दूई देशबीच भएको कुनै पनि कागजात उपलब्ध गराउन सकिदैन भन्न मिल्दैन भन्ने पुनरावेदकको प्रतिवाद सत्य हो होईन ?

(ङ) दूई देशवीच हुने संन्धी संझौताको दायित्व राष्ट्रमा पर्ने र त्यसको असर नागरिकमा पर्ने हुँदा ती सूचनामा नागरिकको पहूँच हुनुपर्छ भन्ने पुनरावेदकको जिकिर कानुन सम्मत छ छैन ?

माथि प्रकरण (क) मा उल्लेखित विधान दूई देशबीचको सहमति विना सार्वजनिक गर्न सकिन्न भन्ने विषय सामान्यत: ठीकै जस्तो अनुभूति हुन्छ । तर दुवै देशको संविधान र कानूनको व्यवस्था के छ भनी गहिरिएर अध्ययन गरेपछि मात्रै कुनै टुङ्गोमा पुग्न सकिने हुन्छ । नेपालको अन्तरिम संविधानको भाग-३ को मौलिक हकको धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ' भन्ने व्यवस्था छ । संविधान मूलुकको मूल कानुन हो । यससँग बाँझिएका कानुनहरु बाँझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था छ । यसमा विपक्षी आयोजनाले प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय होइन भन्न सकेको देखिदैन । साथै यसरी दूई देशबीचको सहमतिविना सार्वजनिक गर्न नमिल्ने प्रावधान नेपालको कुन कानुन अनुसार समावेश गरिएको हो भन्ने कुरा पनि विपक्षी आयोजनाले प्रस्तुत गर्न सकेको छैन । यस हिसावले सूचना दिन कानुनले बाधा पुऱ्याएको देखिएन ।

४

प्रकरण (ख) मा उल्लेखित विधानको ६.५ मा प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारको सूचना तेश्रो पक्षलाई उपलब्ध गराउन नमिल्ने व्यवस्था गरिएको भन्ने सन्दर्भमा विश्लेषण गर्दा के कस्ता सूचना दिन मिल्ने र के कस्ता सूचना दिन नमिल्ने भनी यकिन गरेको बुझिन आएन । सामान्यत: कुनै पनि सूचना सार्वजनिक नगर्ने भन्ने हुनै सक्तैन । तत् निकाय सम्बन्धी सार्वजनिक सूचना, तत् निकायले गर्ने पत्राचार, तत् निकायले तेश्रो पक्षसंग गर्ने सहकार्य जस्ता विषय गोप्य रहन सक्ने विषय होइन । यसर्थ विषय-वस्तुको गंभिरतालाई समेत मनन गरी केही दस्तावेज केही समयका लागि वा कुनै विषय निर्णयमा नपुगुन्जेल प्रक्रियामै रहेका बखत वा केही सूचना निश्चित उच्च पदाधिकारीको मात्रै पहुँचमा रहने गरी खास समयका लागि संरक्षण गर्नुपर्ने हुन सक्तछ । तर शतप्रतिशत विवरण नै गोप्य हुने कुरामा कुनै पनि किसिमले सहमत हुन सकिन्न । अर्को ढंगले हेर्दा विधान स्वंयमा गोप्य रहने दस्तावेज होईन । निजी क्षेत्रले विधान कै आधारमा कम्पनी दर्ता गर्नुपर्ने हुन्छ । विधानबाटै कुनै पनि संस्थाले समाजमा आफ्नो पहिचान स्थापित गर्छ । यसर्थ सम्पूर्ण सूचना गोप्य रहन्छ र त्यो अन्तर्गत विधान पनि पर्छ भन्ने तर्कसँग सहमत हुने ठाँउ नै छैन ।

प्रकरण (ग) मा उल्लेखित नेपालको संविधानको धारा २७ को प्रत्येक नागरिकलाई सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हक हुनेछ भन्ने संवैधानिक हकका अगाडि कुनै दस्तावेजमा गोपनीयताको दफा राख्दैमा नागरिकको मौलिक हक निस्तेज हुने कुरा कल्पनासम्म पनि गर्न सकिन्न । सार्वभौम मुलुकका सार्वभौम नागरिकले आफू सार्वभौम नागरिक हुँ भन्ने अनुभूति गर्न पाउने हक सूचनाको हकले प्रदान गरेकाले संविधान बमोजिम मागकर्ताले सूचना पाउने नै देखिन्छ । साथै सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा प्रत्येक नेपाली नागरिकलाई सूचनाको हक हुने व्यवस्था छ । ऐ. दफाको उपदफा (२) मा प्रत्येक नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था छ । ऐ. दफाको उपदफा (३) मा विभिन्न ५ वटा विषयका सूचना प्रवाह गरिने छैन भनिएकोमा विपक्षी आयोजनाले मैले सूचना दिन इन्कार गरेको विषय सोही उपदफा भित्र पर्छ भन्ने जिकिर गरेको पनि देखिदैन । सो आयोजनाबाट यसको जिकिर लिइएको भएता पनि आयोगबाट विधानको प्रतिलिपि निवेदकलाई उपलब्ध गराउँदैमा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पर्छ भन्ने कुरामा आयोग सहमत हुन सकेन ।

प्रकरण (घ) मा दुईदेश बीचको सन्धि संझौता नागरिकलाई उपलब्ध गराउन सकिएन भन्ने विपक्षी आयोजनाको जिकिर तर्फ विश्लेषण गर्दा नेपालको अन्तरिम संविधानको धारा १५६ को सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन कानुनद्वारा निर्धारण भए बमोजिम हुने छ । सो धारामा शान्ति र मैत्री, सुरक्षा एवं सामाजिक सम्बन्ध, नेपालको सिमाना र प्राकृतिक स्रोत तथा त्यसको उपयोगको बाँडफाड सम्बन्धी सन्धि वा संझौताको अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थनको व्यवस्था गर्ने कानुन निर्माण गर्दा व्यवस्थापिका संसदको दुई तिहाई बहुमतले पारित गर्ने प्रावधान राख्नु पर्ने कुरा संविधानमा स्पष्ट गरिएको छ । साथै संविधानको यसै धाराको उपधारा (३) मा 'यो संविधान प्रारम्भ भएपछि हुने कुनै सन्धि वा सम्झौता यस धारा बमोजिम अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन नभएसम्म नेपाल सरकार वा नेपाल राज्यको हकमा लागू भएको मानिने छैन' भन्ने व्यवस्था छ । यसर्थ प्रस्तुत दुई देशबीचको '22-23 September, 2014 मा काठमाडौंमा सम्पन्न PDA को Governing Body को पहिलो बैठकबाट विधान स्वीकृत भएको हो' भनी विपक्षी आयोजनाले आयोगमा लिखित जानकारी गराएको पत्रका आधारमा यो विषय सार्वभौम जनताको प्रतिनिधि रहेको व्यवस्थापिका संसद र सो मार्फत आम नेपालीले जानकारी पाउने विषय भएको स्वत: सिद्ध हुन आउँछ । साथै

नेपाल सन्धि ऐन, २०४७ को दफा २ को खण्ड 'क' मा 'सन्धि' भन्नाले दुई वा दुई भन्दा बढी राज्यहरु वा कुनै राज्य अन्तर सरकारी संगठनबीच लिखित रुपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ र सो शव्दले यसै प्रकृतिको जुनसुकै नामाकरण गरिएको लिखत समेतलाई जनाउँछ भन्ने लेखिएको छ । साथै उक्त ऐनको, दफा १० मा नेपाल सरकारले स्वीकार गरी लागू गरेको सन्धिहरुको सूचना संविधानसभा व्यवस्थापिका-संसद बसेको एक महिना भित्र जानकारीको लागि संविधानसभा व्यवस्थापिका-संसदमा पेश गर्नुपर्ने व्यवस्था उल्लेख रहेको छ । यसरी सन्धि ऐनका प्रावधानहरुलाई विश्लेषण गर्दा पनि स्वतः जनताको जानकारीमा पुग्ने दस्तावेज भन्ने बुझिन्छ ।

प्रकरण (ङ) मा दूई देशबीच हुने सन्धि संझौताको दायित्व राष्ट्रमा पर्ने र त्यसको असर नागरिकमा पर्ने हुँदा ती सूचनामा नागरिकको पहुँच हुनुपर्छ भन्ने पुनरावेदन जिकिर कानून सम्मत छ छैन भन्ने तर्फ विचार गर्दा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २७ ले प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्न पाउने छ भनी सबै नागरिकलाई सार्वजनिक सरोकारको सूचनामा पहुँच हुने कुरालाई सुनिश्चितता प्रदान गरी मौलिक हकको रुपमा स्वीकार गरेको छ । त्यसैगरी धारा १५६ ले सन्धि वा सम्झौताको अनुमोदन, स्वीकृति वा सर्मथन सम्बन्धी व्यवस्था गरेको र राज्यको तर्फबाट गरिने सन्धि सम्झौतामा जनताका प्रतिनिधिहरुबाट स्वीकृत हुनुपर्ने व्यवस्थाको समेत सुनिश्चितता गरेको छ । त्यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) मा प्रवाह नगरिने पाँच वटा सूचनाहरु बाहेक अन्य सबै सूचनाहरुमा नेपाली नागरिकहरुको पहुँच हुने कुरा सुनिश्चित गरेको छ । यी संवैधानिक तथा कानूनी व्यवस्थाले सार्वजनिक सरोकारको विषयको सूचनामा नेपाली नागरिकको पहुँच हुने र राज्यले पक्ष भई गरेको कुनै पनि सन्धि सम्झौताको पालना गर्नु नागरिकको दायित्व समेत हुने हुँदा उक्त दायित्व वहन गर्नेले के दायित्व मेरो काँधमा आई परेको छ भन्ने जान्ने र थाहाँ पाउने हकबाट बञ्चित भएर सो दायित्व निर्वाह गर्न सक्ने अवस्था देखिदैन । नागरिकले आफ्नो कर्तव्य तथा दायित्व वहन गर्न राज्य पक्ष भई गरेका सन्धि सम्झौताको बारेमा जानकारी लिन पाउने कुराको हक सम्मानित सर्वोच्च अदालतबाट रिट निवेदक बालकृष्ण न्यौपाने विरुद्ध तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत भएको टनकपुर सम्झौताको सम्वन्धमा गरिएको फैसला लगायत अन्य कैयौ फैसलाबाट पनि स्थापित भएका छन् । यसर्थ, प्रस्तुत निवेदकले माग गरेको सूचनाबाट निजलाई बञ्चित गर्न सकने अवस्था देखिदैन ।

अतः माथि गरिएका विश्लेषण र विवेचनाका आधारमा नागरिकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बमोजिम माग गरेको सूचना दिनु नपर्ने कुनै आधार र कारण देखिदैन । राज्यले नेपालको प्रचलित संविधान र कानुनको अध्ययन गर्दा नेपाली नागरिकको पहूँच बाहिर हुने गरी अन्य मुलकसँग सन्धि संझौता गर्न सक्ने स्थिति नै छैन । यसर्थ जुनसुकै सन्धि संझौताको जानकारी राख्ने हक नेपाली नागरिकमा रहेको प्रष्टै हुन्छ । यस्तो नागरिकको नैसर्गिक हकको प्रचलन गराउनु यस आयोगको दायित्व भित्र पर्ने देखिन्छ । तथापी आयोजनाको तर्फबाट पटक पटक दूई देशबीचको सहमतिबाट धारा ६.५ मा निर्मित प्राधिकरणले आफूसँग भएको कुनै पनि प्रकारका सूचनाहरु कुनै पनि प्रयोजनका लागि दुई देशको सहमतिविना तेश्रो पक्षलाई उपलब्ध गराउन नसकिने प्रावधान रहेको जिकिर लिएकोलाई पनि विचार गर्दै तथा सूचनाका हकसम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा १० बमोजिम **निवेदकको माग अनुसार आवश्यक प्रक्रिया पूरा गरी पंचेश्वर विकास प्राधिकरणको विधान** उपलब्ध गराउनु भनी पंचेश्वर बहुउद्देश्यीय आयोजनाका प्रमुखको नाममा यो आदेश जारी गरिएको छ । सो बमोजिम गर्न

गराउन यो आदेशको प्रतिलिपि पंचेश्वर बहुउद्देश्यीय आयोजनाका आयोजना प्रमुख कहाँ पठाउनू र निवेदकलाई जानकारी गराउनू ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम ।